परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ३२ २०८० चैत ११ गते आईतवार Sunday 24, MAR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।

सम्पादक

## नेपाल बढ्ही समाजद्धारा होलीपर्वको अवसरमा दुई जेष्ठ नागरिक सम्मानित




विराटगनर । रंगारंग महान होली पर्वको अवसरमा नेपाल बड्ही समाज मोरंग शाखाले दुई जना जेष्ठ नागरिकलाई सम्मान गरेको छन् ।

समाजले विराटनगरमा आयोजना गरेको होली तथा नयाँ वर्ष २०८१ को शुभकामना आदान-प्रदान र संस्थागत नेतृत्व विकास तथा अन्तरक्रियामा विराटनगरका वडा नं. ४ का प्रभु शर्मा र ५ की शरलादेवी शर्मालाई कार्यक्रमका प्रमुख अतिथी नेपाल बड्ही समाजका केन्द्रीय अध्यक्ष ओम प्रकाश विश्वकर्मा, महासचीव सुरेश ठाकुर, सचिव लक्ष्मी सुतिहार र मोरंग जिल्ला अध्यक्ष संजय शर्माले संयुक्त रुपमा दोसल्ला ओढाएर सम्मान गरेको हो ।

केन्द्रीय समितिका प्रदाधिकारीहरुले नेपाल बड्ही समाजलाई अगाडी बढाउन जिल्ला अधिवेशन, पालिकाहरुको अधिवेश र तथ्याँक संकलनको बारेमा प्रस्तुती गरेका थिए । बड्ही जातीको बसोवास मेची देखि महाकाली सम्म रहको भन्दै तीनहरुलाई एकता वद्ध गर्न र जातिको उत्थान गर्न एक वद्ध भएर लाग्नु पर्ने वताएका थिए ।

सोही अवसरमा सहभागी हरुले नेपाल बड्ही समाज गठन गरेको १६ वर्ष पुगी सक्दा पनि बड्ही जातिको लागि केही गर्न नसकेको, समाजमा लागेर यूवाहरुलाई के फाईदा हुन्छ भनेर प्रश्न गरेका थिए । नेपाल बड्ही समाजका जिल्ला पदाधिकारीहरुले मोरंगमा एकता नभएसम्म जिल्ला अधिवेश हुन नसक्ने बताएका थिए ।

सोही अवसरमा अरुण शर्माले होली पर्व र नयाँ वर्षको शुभकामना दिदै नेपाल बड्ही

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशमा सरकार हलचल हुँदैन : मुख्यमन्त्री

विराटनगर । केन्द्रीय गठबन्धन फेरिँदैमा कोशी सरकार तलमाथि नहुने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बताएका छन् ।

शुक्रवार झोराहाटमा आयोजित विद्यार्थी, शिक्षक तथा सञ्चारकर्मी सम्मानित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले संविधान अनुसार सरकार चल्ने बताएका हुन् ।

'संविधान अनुसार बनेको सरकार हो । सरकार बन्दा पनि माथिको गठबन्धनसँग टेकिएर बनेको थिएन र माथिको गठबन्धन तलमाथि हुँदैमा यो सरकार फेरिने पनि छैन ।' उनको भनाई थियो ।

नारदमुनि पवित्रादेवी लुइँटेल स्मृति कोषले आयोजना गरेको कार्यक्रममा झिल कुमारी लुइँटेल स्मृति पत्रकारिता पुरस्कार सञ्चार कर्मी सुशीला पाठकलाई प्रदान गरिएको थियो ।

यस्तै छत्रपति लुइँटेल सेवा निवृत्त शिक्षक सम्मान अन्तरगत झोराहाट स्थित सरस्वती माविका पूर्व शिक्षक शिवनारायण चौधरी र हरिनारायण दासलाई प्रदान गरिएको थियो ।

त्यसैगरी छात्रवृत्ति पाउने विद्यार्थीहरूमा दिनेश खत्री, दीपिका कुमारी कार्की, मल्लीका विश्वास, आरती सरदार रहेका छन् ।

मुख्यमन्त्री कार्कीले पुरस्कार वितरण गर्दै समाजमा योगदान पुर्याउनेहरुप्रतिको सम्मानले खुसी तुल्याएको बताए । 'यो ज्ञान कक्षाकोठा बाहिरको ज्ञान हो जसले समाजका लागि सोचेर आज सम्मानित हुनुभएको छ । त्यस कारण प्रमाणपत्रमा अङ्कको मात्र मापनले सिकाई पूर्ण हुन सक्दैन ।'

## निर्वाचन विधान विपरीत भएको भगतको आरोप

विराटनगर । थारु कल्यान कारीणि सभा मोरङको १० औं जिल्ला अधिवेशन भएको ९ महिना पछि चैत ७ गते भएको निर्वाचनबाट प्रदिप कुमार विश्वासको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । थाकसको चैत ७ गते भएको निर्वाचन विधान र केन्द्रिय कमिटिको निर्देशन विपरीत भएको थाकस मोरंग सभापत प्रदिप कुमार भगत थारुले लगाएका छन् ।

थाकस मोरंगका निर्वाचन अधिकृत जयराम पंजियार ले नेपाल पत्रकार महासंग मोरंगको सभाहलमा पत्रकार सम्लेन गरी निर्वाचित जिल्ला कार्य समितिको नाम घोषणा गरेका थिए । त्यसैंगरी थाकस मोरंग सभापति प्रदिप कुमार भगत थारुसमेतको समूहले पनि पत्रकार सम्मेलन गरी थाकस मोरङको निर्वाचन अधिकृत जयराम पंजियारले आफु खुशी विधान विपरीत निर्वाचन गराएको आरोप लगाएको छ ।

बुढीगंगा गाउँपालिका २ स्थित रहेको थारु संग्रालयमा सम्पन भएको अधिवेशनले विश्वासको सभापत्विमा २१ सदस्य नयाँ मोरङ जिल्ला कार्यसमिति चयन भएको हो । थारु अगुवाहरुको पहलमा सवै कानुनी प्रक्रिया पुरा गरेर सम्पन भएको अधिवेशनले विश्वासको प्यानल विजय भएको पंजियारले वताए ।

थारु कल्याणकारीणिसभा को २७२ मतदाता मध्ये ५८ प्रतिशत अर्थात १५७ मत खसेको थियो । सो मतदानमा तिन मत वदर भएको थियो । विश्वासले १५४ प्राप्त विजय भएको र प्रदीप कुमार भगतको

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नेपाल बड्ही...

समाजले जातिको पहिचना र उत्थानका लागि तथ्यांक संकलन, बड्ही जातिको भेला, बड्ही जातिमा रहेको गरीब विद्यार्थीको लागि आर्थिक सहयोग, दहेज प्रथाको अन्त लगायतको कार्यक्रम गर्न एकजुट भएर लाग्नु पर्ने वताएका थिए ।

त्यसैगरी शिवन ठाकुरले समाजको केन्द्रीय नेतृत्व लगायत जिल्लाका पदाधिकारी हरुले आम बड्ही जातीको समस्यालाई सुनेर त्यसको निवारण गर्न तिर लाग्नु पर्ने भन्दै होली तथा आउन लागेको नयाँ वर्षको शुभकामना व्यक्त गरेका थिए । उक्त अवसरमा समाजका अगुवा छेदीलाल शर्मा, बेचन शर्मा, कमला शर्मा, घनश्याम शर्मा, टुनटुन शर्मा, लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमका अध्यक्षता ग्रहण गरेका नेपाल बड्ही समाज मोरंग अध्यक्ष संजय शर्माले होली तथा आउन लागेको नयाँ वर्षका शुभकामना दिनै समाज भित्र केही समस्या रहेता पनि त्यसलाई छलफलको माध्यमबाट समाधान गरी एकतावद्ध भएर जातीका पहिचान र उत्थान गर्न लाग्नु पर्ने भन्दै कार्यक्रम समापन गरेको थिए । होली तथा नयाँ वर्ष २०८१ को शुभकामना आदान-प्रदान र संस्थागत नेतृत्व विकास तथा अन्तरक्रियामा उद्घोषण सचीव राम शर्माले गरेका थिए ।

## निर्वाचन...

पक्षमा ० मत खसेको पंजियारले वताए ।

अधिवेशनले ८ जना केन्द्रिय पार्सद समेत चयन भएका छन् । तीनजना उपाध्यक्ष मध्ये महिला उपाध्यक्षमा जयन्ती खाँ १३७ मतका साथ बिजयी भईन भने जागेश्वर बिश्वास १४१ मत र बाबुराम चौधरीले १२० मत सहित उपाध्यक्षमा विजय भएका छन । त्यसैगरी सचिबमा प्रसान्त चौधरी १३९ मत, सह-सचिबमा मनोज कुमार विश्वास १३६ मत र कोषाध्यक्षमा ललित कुमार चौधरीले १३९ मत सहित विजय भए ।

सदस्यहरुमा क्रमश : आशावती थारु , अनिता देवि विश्वास, इन्दुदेवी चौधरी, ज्ञानचन्द्र गच्छदार, चुढामणी धामी थारु, बन्नालाल चौधरी, सुनिता चौधरी, रम्भा धामी थारु, महेश प्रसाद चौधरी, शिवराम थन्दार, सुनिता कुमारी माझी , रखीलाल चौधरी रहेका छन् ।

त्यसैगरी केन्द्रिय प्रतिनिधिमा ८ जना निर्विरोध भएका छन् । कन्नुलाल चौधरी, भक्तीनाथ माझी, चुमनारायण तवदार , बालचन्द्र माझी, दुखाराम गच्छदार, भुखनी देवि चौधरी, गेना देवि चौधरी र सरस्वती चौधरी निर्विरोध भएको निर्वाचन अधिकृत जयराम पंजियारले जानकारी दिए । निर्वाचित सभापति प्रदिप कुमार विश्वासले आधिवेशनमा देखिएको विवाद समान्य भएको बताए । अधिवेशन सम्पन भएसंगै सवै संग सहकार्य गरेर संस्थाको हितका लागि प्रतिवद्ध भएर कामगर्ने बताए ।

लोकतान्त्रिक परिवेशमा अधिवेशनको समयमा गुट उपगुट हुनु स्वभाविक भएकाले अगामी दिन पुर्व अध्यक्ष सहित अगुवा संग छलफल गरेर हरेक काम गर्ने आफ्नो नीति भएको बताए ।

त्यसैगरी थारु कल्याण कारीणि सभाको मोरङ अर्को सभापतिका उम्मेदवार प्रदिपकुमार भगत थारूले संस्थाको मर्म र भावना विपरित अधिवेशन भएको आरोप लगाए । पत्रकार सम्मेलनको आयोजना गरेर थाकसको केन्द्रिय कमिटिले विघटन गरेको निर्वाचन मण्डलका निर्वाचन अधिकृत जयराम पंजियारले आफु खुशी सम्पन गराएको अधिवेशन आफुलाई मान्य नभएको बताए । आफु नै अधिकारी अध्यक्ष भएको दावी गर्दे उनले भने -' केन्द्रिय कमिटिको निर्देशन विपरित भएको अधिवेशले चयन गरेका पदाधिकारी गैरकानुनी हो । '

# ज्यान गुमाएको परिवारलाई राहत



विराटनगर । भोजपुरको हतुवागढी-७ पिप्लेमा आगलागीबाट ज्यान गुमाएका बालबालिकाको परिवारलाई कोशीप्रदेश सरकारले एक लाखका दरले राहत रकम बुधबार उपलब्ध गराएको छ ।

मुख्यमन्त्री केदार कार्कीले पीडितलाई समवेदना दिँदै ज्यान गुमाएका बालबालिकाका दुई परिवारलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट एक लाखका दरले राहत रकम हस्तान्तरण गरेका हुन् ।

राहत हस्तान्तरण गर्दै मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले दुःखको समयमा सरकारले मलम पट्टील गाएको उल्लेख गरेका थिए । 'प्रदेशतथा स्थानीय सरकार घर आँगनकै सरकार भएकाले जनताको समस्यामा तथा पीडामा सधैं साथ रहन्छ, उनले भने, दुःखमा सरकार सँगै छ ।'

चेक हस्तान्तरण कार्यक्रममा भोजपुरबाट कोशीप्रदेशमा निर्वाचित सांसद विनोद बान्तवा राई, सृजना राई, कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेलका साथै स्थानीय जनप्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

शनिवार भएको आग लागीमा स्थानीय रमेश कार्की का ५ वर्षिया छोरी दिप्सीका कार्की, ३ वर्षीय छोरा दिउनिष कार्की र केदार कार्कीका ४ वर्षीय छोरा प्रनिषकार्कीको ज्यानगएको थियो ।

मुख्यमन्त्री कार्कीको अपिल : सावधान र जिम्मेवार बनौं

मुख्यमन्त्री केदार कार्कीले यो समय हावाहुरीका साथै आगलागी बढी हुने समय पनि भएकाले सावधान रहन अपिल गरेका छन् ।

एक सन्देश मार्फत उनले भनेका छन् 'वनजंगलमा डढेलो लगाउने कार्य नगर्न, स-साना बालबालिका नजिक आगलागी जन्य वस्तुका साथै प्रज्वलनशील पदार्थ नराख्न, आगोको काम सकिए पछि पूर्णरुपमा निभाउन, ग्यास तथा विद्युतीय सामग्रीहरू सावधानी पूर्वक प्रयोग गरी यस्ता घटना न्यूनीकरण गर्न सकिन्छ ।

विपद्को घटना हुनासाथ नजिकको प्रहरी कार्यालयको कन्ट्रोल १०० र दमकल सेवाका लागि १०१ मा जानकारी गराई जिम्मेवार नागरिकको कर्तव्य निभाउनका लागि अनुरोध समेत गरेका छन् ।

फागु पर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतीमा उल्लास पूर्वक फागुपर्व मनाऔं,
- लोला हाल्ने, पानी छ्याप्ने तथा रंग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा सांस्कृतिक मार्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायन युक्त रंगको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदर्थिको सेवन नगरौं,
- गैरकानुनी र उच्छृखल व्यवहार नगरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सभ्य रूपमा फागुपर्व मनाऔं

फागु अर्थात होली पर्व खासगरी नेपाल र भारतमा प्रत्येक वर्ष फागुन शुल्क पूर्णिमाको दिन मनाउने गरिन्छ। भारत र नेपालमा बसोवास गर्ने हिन्दु धर्माम्बलम्बीहरुको लागि यो प्रमुख पर्व पनि हो। फागु पर्व त्रेतायुगसँग जोडिएको पर्व हो। त्रेता युगमा भगवान विष्णुको परमभक्त पह्लादको जीवनसँग जोडिएर देखिन्छ। हिरण्यकाश्यपुको छोरा प्रह्लादलाई जलाउन आफ्नै फुपु होलीका काखमा लिएर अग्नी कुण्डमा प्रवेश गरेका थिए। सो अग्नी कुण्डमा होलीका जलेर नष्ट भए र विष्णुको भक्त प्रह्लाद सकुसल अग्नी कुण्ड बाट बाहिर निष्कीए। सोही खुशीयालीमा होली पर्व मनाउने गरिन्छ।

हाली पर्वको अवसरमा बालबालिका देखि वृद्धवृद्धा सम्म साथी संगीनी, छरछिमेक र करकुटुम्वहरुसंग रंग र अविर खेलेर होली पर्व मनाउने गरिन्छ । सभ्य र भव्य रुपमा मनाउने होली पर्वमा अहिले विकृती समेत फैलिएको छ। रंगको सट्टा मोविल लगाई दिने, अनावश्यक पानी छ्याप्ने, रसायनिक पर्दाथ मिसाएको अविर रंग लगाई दिने जसले गर्दा छालाको रोगहरु समेत देखिएको छ। त्यसैगरी मादक पर्दाथ सेवन गरी समाजमा झैं-झगडा गर्ने साथी भाईहरुलाई जिस्काउनेले गर्दा होली पर्व विकृती तर्फ उन्मुख भएको देखिन्छ।

त्यसैले होली पर्व मनाउने प्रचलन त्रेतायुगबाट शुरु भएको थियो। त्यो वेला असत्य माथी सत्यको विजय भएकोले खुशीयाली मनाउनको लागि रंगअविर लगाउने गर्दथे। सोही खुशीयालीमा राम्रो राम्रो परिकारहरु पकाएर खाने पनि गर्दथे तर त्यसको विपरी अहिले समाजमा अहिले समाजमा होली पर्वलाई विकृती तिर गई रहेको छ। त्यो विकृतीलाई रोक्न समाजको प्रत्येका व्यक्तिको दायित्व हो। विकृतीलाई रोक्त आफैवाट शुरु गरी समाजलाई पनि विकृती मुक्त बनाउन सबैजान लाग्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# यसरी विकास हुन्छ केटाकेटीको आनीबानी र स्वभाव

**प्रविज्ञ रेग्मी**

एक बालिकालाई उनका पिताले खेलौना चिम्पान्जी जन्मदिनमा दिन्छन्। त्यस उपहारले ती बालिकाको प्रकृतिको अध्ययन गर्ने स्वभावको आरम्भ गर्छ।

जेन गोडालले पाएको त्यो जुबिली नाम गरेको खेलौना चिम्पान्जी उनको प्रेरणाको श्रोत बन्छ। जेन गोडालले आफ्नो जीवन तान्जानियामा यही प्राणीको खोज र अनुसन्धानमा लगाउँछिन्। उनको अध्ययन प्राणीको स्वभाव, प्रकृतिको संरक्षण सबैका लागि अध्ययन र प्रेरणा बन्छ। जेन गोडालको प्राणीशास्त्र र इकोलोजीमा अतुलनीय योगदान छ।

त्यो उपहार दिइएको घटना सामान्यजस्तो लाग्छ तर यसैले उनको स्वभाव निर्माणमा उत्प्रेरणा ल्याउँछ।

बालबालिकामा स्वभाव कसरी विकास हुन्छ भन्ने प्रक्रियाको यो एक उदाहरण मात्र हो।

स्वभावको विकासको आधार के होला र कसो गर्दा वाञ्छित गुणहरू विकास होलान् भन्ने कुरा यहाँ संक्षेपमा राख्छु। यसका साथै अन्त्यमा स्वभावका कठिनाइहरूमा पनि थोरै प्रकाश पार्नेछु। आशा छ, यसमा भएका तथ्यहरूले व्यावहारिक अन्तरदृष्टि दिनेछन्।

ब्रिटिस जर्नलमा प्रकाशित फिलिपा लेलीको अनुसन्धानले केटाकेटीमा स्वभावको विकास हुनुमा अभिभावकहरूको बानीको प्रभाव गहिरो हुने देखाउँछ।

उनी भन्छिन्, 'शिक्षक, अभिभावक वा निकट संरक्षकका दोहोरिएर देखिने स्वभावलाई बालबालिकाहरूले नक्कल गरी आफ्नो बानीमा परिणत गर्छन्।'

शिक्षक र अभिभावकहरूको स्वभावलाई विद्यार्थीहरूले परावर्तन गर्छन्। यसलाई शिक्षामा स्वभावको नमूनाकरण (बेहेभियरल मोडलिङ) भनिन्छ। यसबाट के पुष्टि हुन्छ भने केटाकेटीको बानीको पहिलो आधार वयस्कले खडा गर्छन्।

उदाहरणका लागि, बालबालिकाको पठन स्वभाव लाई लिऔं। अभिभावक हरूको पठन स्वभाव छ, पुस्तक सस्वर पढिदिन्छन् भने बालबालिका मा पनि पठन संस्कृति क्रमश: विकास हुँदै आउने अध्ययनहरूले देखाएका छन्।

विद्यार्थीका आनिबानी बाट पनि तिनका अभिभावकको स्वभावलाई कुनै हदसम्म प्रक्षेपण गर्न सकिने अध्ययनले देखाउँछ। उदाह रणका लागि, परिवारले सामाजिक-आर्थिक दबाबमा गर्ने व्यवहारले बालबालिका ले बानी, रहनसहनमा अभावको असर प्रस्ट देखाउँछन्।

यसरी केटाकेटीको र घरका सदस्यहरूको स्वभावमा समानुपातिक सम्बन्ध कायम हुन्छ।

अभिभावकत्वको अभ्यासले बालबालिकाका स्वभाव विकासमा प्रत्यक्ष प्रभाव पार्छ। यसलाई बुझ्न एउटा उपमा प्रस्तुत गर्छु– घरपरिवारलाई बगैंचाजस्तो मानौं र अभिभावकहरूलाई माली सम्झौं। केटाकेटीलाई फूलबिरूवाहरू मानौं। अभिभावकले दिने उर्वरतालाई पोषण, सिँचाइलाई भावनात्मक टेको, घामलाई अभिभावकको स्वभावको नमूना, गोडमेललाई के गर्ने, के नगर्नेको सिमाना, बगैंचामा हुने थरीथरीका पक्षलाई बाह्य वातावरणको ज्ञान, काँटछाँटलाई बाल बालिकालाई दिइने उत्तर दायित्वको शिक्षा र हुरी-बतासलाई उनीहरूमा हुने लचिलोपनका रूपमा लिऔं।

यस उपमानका ती तत्व हरूले बालबालिकको स्वभाव विकासको समग्रता इंकित गर्छ। उल्लिखित पक्षहरूको सन्तुलनले स्वभावका वाञ्छित गुणहरूलाई बल दिन्छ। अभिभावकले प्रयोग गरेका शक्तिअभ्यास वा वास्ता नगर्ने बानी, कठोरता वा अत्यधिक उदारता, ज्यादै रक्षात्मक र पुल्पुल्याउने प्रवृत्ति केटाकेटीको स्वभावमा सोहीअनुसार प्रतिबिम्वित हुन्छ।

यसर्थ, बालबालिकाको स्वभाव निर्माणको पहिलो र मुख्य आधार घर हो। यहाँ उनीहरूले जीवनभर रहने संस्कारको विकास गर्छन्। घर-परिवारको समग्र वातावरणले, घरका वयस्कसँग गरिने अन्तरक्रियाले उनीहरूको सोचाइलाई आकार दिन्छ। यसपछि मात्र अन्य पक्षहरू आउँछन्।

बालबालिकाको स्वभाव निर्माणमा दोस्रो प्रमुख भूमिका विद्यालयको रहन्छ।

स्कुललाई चरित्र निर्माणको थलो भनेर पनि बुझिन्छ। सरल भाषामा चरित्र परिचालित स्वभावहरूको एक समूह हो। विद्यालय ती वाञ्छित स्वभावका समूह विद्यार्थीमा स्थापित गर्ने संस्थागत संरचना पनि हो। एक असल स्कुलमा विद्यार्थीहरूले अध्ययनशीलता, लचिलोपन, मानवमूल्यजस्ता स्वभावको विकास गर्ने मौका पाउँछन्।

यहाँ उल्लेख्य बुझ्नुपर्ने बुँदा के छ भने – कथम कदाचित घर असल स्वभावको बिजारोपण गर्न असफल भएमा खोजिएको जस्तो चरित्र निर्माण विद्यालयमा मात्र पूर्ण सम्भव नहुने अध्ययनले देखाउँछन्।

तसर्थ, केटाकेटीको स्वभाव निर्माण घर र विद्यालयको अन्योन्याश्रित सहकार्य हो। किनभने, स्वभावको बिजारोपण साधारणतया: घरबाट हुन्छ भने यिनको सहज विकासमा विद्यालय सहयोगी हुन्छ।

स्कुलको सही शैक्षिक प्रणालीले विद्यार्थीहरूको समग्र विकास गर्छ। यहाँ शैक्षिक प्रणाली भन्नाले संज्ञानात्मक उन्नयनसँग भावनात्मक, सामाजिक र उन्नत सोचाइहरूलाई पनि शिक्षणभित्र राखिनु हो। यी विद्यालयले परिभाषित गरेका पार्श्‌वचित्र, विद्यालय नेतृत्वका मनोवृत्ति र त्यहाँका स्थापित सांस्कृतिक मूल्यहरू हुन् जसले विद्यार्थीलाई मार्गदर्शन गर्छ।

उल्लेख्य कुरा के छ भने– उपरोक्त तत्वहरूले विद्यार्थी लाई शिक्षित गर्छन् वा विद्यार्थीका मनोवृत्ति विकास गर्छन्। बौद्धिक विकासलाई मात्र केन्द्रमा राखेर मनोवृत्तिलाई पाखा लगाएमा शिक्षा अपूर्ण बन्छ।

यो तथ्यलाई अझै फरक ढंगले बुझौं।

उदाहरणका लागि, कक्षामा उच्च उपलब्धि हासिल गर्ने विद्यार्थीले अन्यभन्दा थप परिपक्वता र जिम्मेवारी वहन गरेको पाइन्छ। उनीहरू गृहकार्यदेखि अन्य पक्षहरूमा पनि सन्तुलित हुन्छन्। यदि स्कुलले ती बाहेकका विद्यार्थी हरूलाई पनि परिपक्व र उत्तरदायी बनाउन सकेमा ती अन्य विद्यार्थीले पनि उच्च उपलब्धि हासिल गर्न सक्छन्।

तसर्थ, विद्यालयले विषय

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नेपाल, भारत र भूटान गरी दश टीमको सहभागितामा, विराट गोल्ड कप




विराटनगर । विराटनगरमा चैत १५ देखि २५ गते सम्म हुने आठौं संस्करणको विराट गोल्प कप प्रतियोगितामा नेपाल, भारत र भुटानका १० टीमका सहभागिता रहने भएको छ ।

विगतमा विराट गोल्प कप प्रतियोगत कहिले उद्योगि व्यवसायी त कहिले नगर पालिकाको मेयरलाई संयोजक बनाएर संचालन गरिएको प्रतियोगिता यस पटक गोल्डकप ट्रसले आफै संचालन गर्ने भएको पत्रकार सम्मेलनको आयोजना गरी ट्रष्टका अध्यक्ष किशोर बहादुर शाहीले जानकारी गराए ।

प्रतियोगितामा स्वदेशी टीमबाट नेपालका तीन विभागीय टोलीमा नेपाल पुलिस, त्रिभुवन आर्मी र एपीएफ क्लब सहभागीता रहने छ भने यस वर्षको लिग विजेता चर्च ब्वाइज, डिभिजन टोलीहरू मच्छिन्द्र र एनआरटी क्लबको सहभागिता रहने छ । त्यसैगरी घरेलु टोली सांग्रिला मोरङ एफ ए को सहभागीता रहने भएको छ ।

विदेशी टोलीमा भारतको कलकत्ताको साउथर्न समिति फूटबल क्लब, सिक्किमको सिक्किम ड्रागन फूटबल क्लब र भूटानको थिम्पूस्थित आरटीसी क्लब सहभागी हुने छन् ।

आठौं संस्करणको विराट गोल्डकपका विजेता र उप-विजेताले पाउने नगद पुरस्कारको राशि भने आधा घटाइएको छ । गत वर्ष घाटा भएपछि यस पटक पुरस्कार राशि घटाइएको जनाइएको छ । विजेताले ११ लाख रुपैयाँ र उप-विजेताले ५ लाख ५० हजार रुपैयाँ पाउनेछन् । गत वर्षको विजेतालाई नगद २० लाख १५ हजार र उप-विजेतालाई १० लाख १५ हजार रुपैयाँ थियो । यो वर्ष विजेतालाई ९ लाखा १५ हजार र उप विजेतालाई प्रदान गरिएको थियो । यो वर्ष ५ लाख ३५ हजार रुपैयाँ पुरस्कार राशि घटाएको हो । गत वर्ष आयोजकलाई ८७ लाख रुपैयाँ घाटा भएका कारण यस वर्ष पुरस्कार राशि घटाइएको ट्रस्टका अध्यक्ष शाहीले बताए ।

प्रतियोगिताका उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही २१ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ । यसैगरी दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई नगद ११ हजार रुपैयाँ र सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल प्रदान गरिने छ ।

डे एण्ड नाईटमा हुने फुटबल प्रतियोगिता साँझ ६ बजे बजेदेखि शुरू हुने छ । गोल्डकपको टिकट दर २, ३ र ५ सय हुनेछ । 'फ्लडलाइट को माध्यमदेखि रात्रिकालीन प्रतियोगिता हुने भएकोले खेल रोमान्चक हुने छ । प्रतियोगितामा अनुमानित१ करोड १८ लाख ४३ हजार २०० रुपैयाँ लाग्ने अध्यक्ष शाहीले वताए ।

२०१८ सालदेखि तत्का - लीन राजा महेन्द्रको नामबाट शुरू गरिएको गोल्ड कप २०६२-६३ सालको जनआन्दोलनपछि परिवर्तन गरिएको हो । २०६८ सालबाट विराट गोल्डकपको रूपमा आयोजना हुँदै आएको छ ।

# रंगले मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव

रंगले हाम्रो मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ । होलीमा विशेषत : रातो, हरियो, पहेँलो तथा नीलो रंग बढी प्रयोग हुन्छ । कुनै पनि रङको प्रयोग गर्नुपूर्व त्यसको फाइदा, बेफाइदा, महत्त्व र रंगको प्रतीक बुझ्नु आवश्यक छ ।

**रातो :** रातो रंगलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ । त्यसैले देवताहरूले रातो रंगको पहिरन लगाएका हुन्छन् । अधिकांशलाई मन पर्ने रंग हो-रातो । यसलाई शुद्धता एवं पवित्रताको प्रतीक मानिन्छ । हरेक धार्मिक कार्यमा यसको प्रयोग हुन्छ । स्वच्छ, सफा र चित्त शुद्धिको प्रतीकका रूपमा लिइने यो रंग होलीमा पनि विशेष प्राथमिकताका साथ प्रयोग गरिन्छ । रातो रंगलाई साहस र प्रेमको प्रतीकका रूपमा पनि लिइन्छ । रातो रंग मन पराउने मानिसहरू महत्त्वाकांक्षीका साथै जिज्ञासु एवं जोसिला हुन्छन् ।

**हरियो :** हरियो रंगलाई प्राण, जीवनशक्ति एवं मार्मिकताको प्रतीक मानिन्छ । यसलाई जीवनशक्तिको भित्री मर्म बुझ्ने जीवित रंग पनि भनिन्छ। हरियो रंग मन पराउने मानिसहरू प्रकृतिलाई माया गर्ने खालका हुन्छन् । उनीहरू झैझगडा पटक्कै मन पराउँदैनन् । यो रंग मन पराउने मानिसहरूको आत्मविश्वास कम हुने विश्वास गरिन्छ ।

**पहेँलो :** यो रंगलाई भक्ति र धर्म परायणताका रूपमा लिइन्छ। यो रंग मन पराउने मानिसहरू धर्मकर्मप्रति बढी विश्वास गर्छन् । होली हिन्दू धर्म अवलम्बीहरूको चाड भएकाले यो रंगको विशेष प्रयोग हुन्छ । कतिपय समुदायमा त रातो र पहेंलो अबिर दलेर होली खेल्ने परम्परा पनि छ । यो रंगको सम्बन्ध खुसी र हर्षसँग पनि छ । मनोविज्ञहरूका अनुसार यो रंग मन पराउने मानिसहरू रमाइलो एवं आत्मीय व्यवहार गर्न उत्साहित हुन्छन् ।

**नीलो :** नीलो रङ्गलाई धर्मयुद्धको प्रतीक मानिन्छ । त्यसैले नील बर्णका भगवान बिष्णुले अधर्मको नाश गर्न र धर्मको रक्षा गर्न प्रत्येक युगमा अवतार लिँदै आएको मान्यता पनि सुन्न पाइन्छ । यो रंगलाई शान्ति र सन्तुलनको प्रतीकका रूपमा लिइन्छ । त्यसैले पनि यो रंगको प्रयोग बढी हुन्छ । यो रंग मन पराउने मानिसहरू सन्तुलित विचारधाराका हुन्छन् । उनीहरू अलि बढी चिन्तित स्वभावका हुने मनोविदहरू बताउँछन् ।

**कालो :** होलीमा कालो रंगको पनि व्यापक प्रयोग हुन्छ। यो रंग ईर्ष्या र स्वार्थसँग सम्बन्धित हुन्छ । यो रंग मन पराउने मानिसहरू आफ्नो इच्छा र भावना खुलस्त रूपमा भन्न चाहँदैनन् । तुरुन्तै रिसाउने खालका हुन्छन् ।

**सेतो :** धेरैलाई मन पर्ने रंग हो-सेतो । यो रंगलाई शुद्धताको प्रतीक मानिन्छ। कर्ममा विश्वास राख्ने व्यक्तिहरू सेतो रंग मन पराउँछन् । चहकिलो सेतो रंगलाई सफा एवं आकर्षणको प्रतीकका रूपमा लिइन्छ ।

# सर्वदलिय सरकार निर्माणको विकल्प छैन : मुख्यमन्त्री

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले संघीयतालाई स्थापित र संस्थागत गर्न कोशीमा सहमतीय र सर्वदलीय सरकार निर्माणको विकल्प नभएको बताएका छन् ।

नेपाल क्षयरोग निवारण संस्थाको ४४ औं केन्द्रीय सभाको वार्षिक अधिवेशनमा शुक्रबार मुख्यमन्त्री कार्कीले केन्द्रीय गठबन्धन फेरिँदैमा कोशी सरकार तलमाथि नहुने बताएका हुन् । झपूर्व मुख्यमन्त्री हिक्मत कार्कीलगायत एमाले सांसदको समर्थनमा म मुख्यमन्त्री बनेकोले उहाँको नै भावना अनुसार सर्वदलीय सरकार बनाउन लागिपरेको छु,त्र उनले भने, झत्यसैले पूर्वमुख्यमन्त्री ज्यूले दिनु भएकै मन्त्र अनुसार सर्वदलीय सरकारलगायत विकास निर्माणको बजेटसमेत कार्यान्वयनमा लागेको छु ।

मुख्यमन्त्री कार्कीले संविधानअनुसार सरकार चल्ने बताएका हुन् । 'संविधान अनुसार बनेको सरकार हो । सरकार बन्दा पनि माथिको गठबन्धनसँग टेकिएर बनेको थिएन,त्र उनले भने, झत्यसैले माथिको गठबन्धन तलमाथि हुँदैमा यो सरकार केही हुँदैन ।'

यो सरकार विरूद्ध बलजफति गर्न जोसुकैलाई प्रदेश प्रमुख बनाएर संविधान विपरित केही गर्न खोजिए तत्कालिन प्रधानसेनापति रूक्मांगद कटुवालको घटना दोहोरिने मुख्यमन्त्री कार्कीले बताएका छन् ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर




# यादव सेवा समितिद्धारा चार यादव पत्रकार सम्मानित



विराटनगर । नेपाल यादव सेवा समितिद्धारा चार जना यादव समुदायका पत्रकारहरु सम्मानित भएका छन् ।

सम्मानित हुनेहरुमा नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिका सदस्य एवं चिरफार डटकम अनलाइनका अध्यक्ष तथा प्रधान सम्पादक ब्रह्मदेव यादव, विराट प्रेस अनलाइनका अध्यक्ष मुकेशकुमार यादव, एक्सप्रेस अनलाइनका अध्यक्ष सुशिलकुमार यादव र मकालु टेलिभिजनका सम्वाददाता सुनिल यादव रहेका छन् ।

चारै जना पत्रकार हरुलाई समितिले होली मिलन समाहरोका बीच प्रमुख अतिथि नेपाल यादव सेवा समिति मोरङका अध्यक्ष महेश्वर यादव, विराटनगर महानगर समिति अध्यक्ष विरेन्द्र यादव र महानगर समितिका सचिव राकेश रोशन यादवले चारै जना पत्रकारलाई सम्मान गरेको थियो ।

# मगही भाषामे फगुवा पवनीके इतिहास आर महत्व

श्याम सुन्दर सुतिहार

हाली अर्थात फगुवा पवनी फागु पूर्णिमा मे खास कैरके नेपाल आर भारत मे प्रत्ये वरिस फागुन शुक्ल पूणिमाके दिनमे मनावल जाय वाला हिन्दु सवके प्रमुख पवनी हय। हिन्दु संस्कृती आर परम्परामे येकर इतिहास त्रेता युग से जुडल हय। त्रेता युगमे भगवान विष्णुके परम भक्त प्रह्लादके जीनसे जोइडके देखल जाय हय। हिरण्य कश्यपुके पुत्र प्रह्लाद अपने बहिन (प्रह्लादके फुपु) होलीका प्रह्लादके आइगमे भष्म करैले लाग्लासे होलीका अपने आइगमे भष्म भेगेल। आर विष्णुके भक्त प्रह्लादके कुछो नय भेल वहे दिन के सम्झनामे होली अर्थात फगुवा पर्व मनावैल शुरु भेल मानल जाय है।

होली अर्थात फगुवा पवनी वसन्त ऋतुके आगमन के सेहो उद्घोष सेहो करै हय। होली पवनी रंग खेलैवला पर्व हय। होलीके दिन व्यक्ति सव एक दोसरके उपरमे बहुत किसमके रंग सब दक मनावै हय। फागु पवनी मनावैके पौराणीक कारण आर इतिहास हय। फागुवा पवनी खेलैके दिनसे एक दिन पहिले राती होलीकाके दहन करल जाय हय। राइतमे होलीका दहन करैके वाद विहान पानीमे रंग मिलाके एक दोसरके आगमे फेकल जाय है।

फगुवा पवनीमे छोटछोट बाल बच्चासे लक बुढवृद्ध फागुवा पवनीमे रंग अविर खेलके खुशीके साथ मनावै हय। जवान लड्का लड्की सब नाच आर गीत गायके खुशीके साथ फागु पवनी मनावै हय। पौरानीक कथाके अनुसार होली पवनीके दिन पुरनका बैरभाव सब विसैरके, दसमनीके विसैरके नयाँ सम्बन्ध सेहो स्थापित करलजाय हय। जवान लड्का लड्की सब नाच आर गीत गायके खुशीके साथ फागुवा पवनी मनावै हय।

इ पवनी फागुन महिनामे फागुन पूर्णिमाके दिन मनावल जायके कारण एकरा फगुवा पवनी कहल जाय हय। होली पवनी घर परिवार, साथी संगीनी, पडौसी, करकुटुम्ब सव संगिन भक हर्षउल्लासके साथ फागुवा पवनी मनावल जाय हय। खास कैरके तराईमे बसोवास करैवला जायत सव होली पवनी मनावै रहल लेकिन ऐखैन नेपालके हिमाल, पहाड आर तराई तीन जगहमे उल्लासके साथ होली पवनी मनाल जाय है। होलीपवनीके अवसरके लड्का लड्की, वृद्ध वृद्धा, समूह समुहमे रंग आर अविर लक एक दोसरके लगावैत एकरा रंगिन पर्वके रुपमे सेहो लेल जाय हय।

ऐतिहासिक कथाके अनुसार

प्राचीन कालमे अर्थात त्रेता युगमे नास्तिक हिरण्यकश्यपु नामके एक राक्षसके जन्म भेल रहल। हिरण्यकश्यपुके भगवान विष्णु नृसिंह अवतार लक मारले रहलन। हिरण्यकश्यपुके वेटा प्रह्लाद विष्णुके परम भक्त रहलन। अपने वेटा प्रह्लाद भगवान विष्णुके आराधना करते रहलन। उ वात हिरण्य कश्यपुके मन नै पडैके कारण अपने वेटा प्रह्लादके मारैक अनेक योजना बनैलक। एक योजनाके अनुसार हिरण्य कश्यपु अपन वेटा के अग्नीकुण्डमे मारैके लेल अपन बहिन होलीका ( जेकरा आगिन से भी नै जरत कहिके बरदान मिलल रहल) ओकरा जिम्मा लगावल गेल। अपन बड्का भाईके आज्ञा अनुसार होलीका प्रह्लादके गोदीमे लक अग्निमे बैठल लेकिन अग्नि धर्मके साथ दियैके कारण होलिका जैरके नष्ट भेल आर विष्णु भक्त प्रह्लादके कुछु नै भेल जीवीत रहल। होलीका दहनके खुशियाली मनावके लेल अगल बगलमे रंग आर अविर एक दोसरके लगाक होली पवनी मनाबैके परम्परा चल्ते आ रहल धार्मिक मान्यता हय।

दोसरका एक प्रसंगमे द्धापर युगमे श्रीकृष्णके मारैके उदेश्य स दूध खुवावैक लेल कंशके सेना पुतना नामके राक्षसनीक उल्टे कृष्ण मारि देलक आर ओकर शव ब्रजवासी सव मिलके जलाके आसपासमे रंग आर अविर एक दोसरमे लगाक खुशियाली मनाउलाक ओकरे सम्झनामे आइत चीरदहा गरी होली पवनी मनावैके परम्परा चल्ते आव रहल हय।

हाली अर्थात फगुवा पवनी हिन्दु धर्ममावलम्बीहरुको लागि एकदमै प्राचीन हय। इतिहासकार सबके कथन अनुसार यी पवनीके प्रचलन आर्य समाजमे सेहो रहलन। यी पवनी के वर्णन अने पुरातन पुस्तक सवमे सेहो पावल जाय हय। नारद पुराण आर भविष्य पुराण जयसन प्राचीन हस्तलिपी आर ग्रन्थमे फागुवा पवनीले बारेमे उल्लेख हय। भारतमे रहल विध्यक्षेत्रके रामगढ स्थान स्थित ईसापूर्व ३०० वरिस पुरान एकटा अभिलेख मे सेहो उल्लेख हेय।

नेपालमे होली पवनी

फगुवा पवनी नेपाल मे भी हर्षोल्लाशके साथ मनावल जाय हय। नेपालके हिमाल, पहाड आर तराईके गाउँसे शहर तक फगुवा पवनी धुमधामके मनावल जाय हय। हिरण्यकश्यपु के बहिन होलीका विष्णुके परम भक्त हिरण्यकश्यपुके मारैके लेल अग्नि कुण्डमे गेलासे होलीका अपने जयरके नष्ट भेलाके कारण असत्य उपर सत्यके वियज हुवैके सम्झनामे होली पवनी मनावल जाय हय। हिन्दु धर्म मानैवाला सव के वाहुलता हुवैके कारण होलीके रौनक पूर्वके मेची से पश्चिम महाकाली तक भव्यरुपमे मनावल जाय हैय।

होली पवनीके अवसरमे नेपाल सरकार दुई दिन विदा सेहो द हैय पहिलका दिन पहालमे आर दोसरका दिन तराई मधेशमे द हय। नेपालके मुख्य शहर विराटनगर, धरान, इटहरी, धरान, धनगढी लगायत तराई मधेशमे होलीके रौनक वेसी देखल जाय हय। होलीके अवसरमा विभिन्न संघ संस्थासे विषेश कार्यक्रमके आयोजना आर रंगके वर्षा से शहर आर गाउँ दोनो के होली रौनक थपल जाय हय। होली पवनीमे रंग खेलैके साथे विशेष किसिमके भोजन आर मदिरा सेहो प्रयोग भेलाके कारण आर वर्तमान समयमे विभिन्न किसिमके विकृती विसंगतीके कारण सुरक्षा व्यवस्था सेहो कडा करल जाय हय। खास कैरके युवा पुस्ता सव इच्छा विपरीत रंग लगावैत, अण्डा फोडैत, गाडीके मोविल, कादो लगावैके कारण आर रक्सी, गाँजा, भांग, खायके उपद्रह करैवला काम जेकरा विकृतीके रुपमे मानल जाय हय।

# पिडितहरुको सहयोगका लागि सहयोगि हातहरु थप्दै



सुरेन्द्र मण्डल

रंगेली, चैत ११ गते। रंगेली नगरपालिका वाड नं ३ रनजनीको काजीमान चौक स्थित रहेको बाबु साहेब टोलमा फागुन ३ गते शनिबार बिजुलीको तारबाट आगलागी हुँदा २८ घर परिवार घर विहिन भएका थिए।

आगलागि पिडितहरुलाई खान लाउनका लागि खाद्यसामग्री लत्ताकपडाहरु लगायतका सहयोगी सहयोगी हातहरूले गरि रहेका छन

आगलागि पिडितहरुको सहयोगको लागि शनिबार दुहा कतारबाट 'नेपाल सन्थाल बचत समुह' द्वारा राहत सामग्री प्लास्पटिकको ठूलो आरी २८ थान, स्टीलको सानो अरी २८ थान, स्टीलको थाल ८४ थान, स्टिलको ग्लास ११२ थान, स्टीलको बटुका ११२ थान, चुलेसी २८ थान र नाङलो २८ थान गरी जम्मा ४२० थान किचेन सामग्री राज मुर्मूको समन्वयमा राहत सामग्री टंक ठकुरीलाई हस्तान्तरण गरिएको थियो।

त्यसै कानेपोखरी गाउँपालिका होक्लाबारी विसनपुरका श्यामलाल सौरेन र मनोज सिलवालले आफ्नो गाउँटोलबाट संकलन गरिएको राहत सामग्री दाल, चामल, नुन, तेल र भाडा वर्तन एवम लत्ताकपडा समेत ठाकुरीलाई हस्तान्तरण गरिएको थियो।

रंगेली नगरपालिकाका प्रमुख दिलीप अग्रवाल भारत भ्रमणमा रहेकोले आगलागि पिडितलाई राहत दिन पालिकावाट कुनै निर्णय हुनसकेको थिएन। भारत भ्रमणबाट आएपछि शुक्रवार प्रमुख अग्रवाल आगलागी पीडित बस्तीमा गई सामूहिकरूपमा भेटघाट गर्दै भने हामी तपाईंको दु:ख चिन्तालाई बुझ्छौ तपाईहरुको स्थायी बासको लागि पक्की घर निर्माण गर्ने सोची रहेका छौं तर घर बनाउने कहाँबाट त्यो समस्याले चिन्तत छौ।

बाबु साहेब बस्ती भनेको बाबुसाहेबकै शाखा सन्तान को निजी जग्गामा उक्त सन्थाल परिवार वर्षौं देखि बस्दै आई रहेको थियो। हालसम्म जग्गा धनीबाट जग्गा खाली गर्न कुनै किसिमको करकाप नरहे पनि आगो लागेर घरहरू खरानी भए पश्चात उक्त जग्गा पूर्ण रूपले खाली भएको देखिन्छ।

त्यसैले आगलागि पिडित को पक्की घर बनाउँदा जग्गा धनीसँग समन्वय नगरी घर बनाउन हुँदैन यदि पक्की घर नै बनाउने हो भने जग्गा धनीसंग समन्वय




सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो। यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश



## यसरी विकास...

शिक्षणभन्दा पहिले उनीहरूमा ज्ञान आर्जन गर्न आवश्यक स्वभावको वा मनोवृत्तिको विकास गर्नु अपरिहार्य हुन्छ । यसभित्र शिक्षा सफलताको मूल रहन्छ। यसलाई शिक्षामा मनोवृत्तिको वा स्वभावको आधार भनिन्छ । विद्यालय शिक्षाले वाञ्छित विचारधाराको जग खडा गरेमा मात्र शिक्षा सफल हुने शिक्षाविदहरू बताउँछन् ।

विद्यालयमा प्रमुख तीन तत्व हुन्छन् ।

पहिलो, विद्यालयको संस्कृति ।

दोस्रो, विद्यार्थीहरूले अन्तर क्रिया गर्ने शिक्षक ।

र, तेस्रो, विद्यार्थीका सहपाठी समूह ।

यिनले विद्यालयमा बाल बालिकाका स्वभावलाई आकार दिन्छन् । यी तत्वहरूले संयुक्त रूपमा चरित्र निर्माणमा गतिशील भूमिका निर्वाह गर्छन् ।

धेरै विद्यार्थीले शिक्षकलाई आदर्श व्यक्तिका रूपमा स्वीकार गर्छन् र उनीहरूले गल्ती गर्दैनन् भन्ने विश्वस्त धारणा राख्छन् । शिक्षकहरूले आफ्नो स्वभावको नमूनालाई उच्च राखेमा, समानुभूतिक, लचिलो, इमानदार र धैर्य भएमा विद्यार्थीले त्यसैलाई अनुकरण गर्छन् । विद्यार्थीका यो संवेदनशील विश्वासको सदुपयोग चरित्र निर्माणमा अति सहयोगी हुन्छ ।

केटाकेटीका सहपाठी समूहले आफ्ना सामाजिक मूल्य-मान्यता स्थापना गरेका हुन्छन् र तिनको पनि उनीहरूले अनुकरण गर्छन्। यो विद्यार्थीको स्वभाव निर्माणको अति शक्तिशाली कारक तत्व हो । संगत अन्यन्तै संक्रामक हुन्छ । राम्रो संगतले तुरून्त असल स्वभाव निर्माण गर्छ ।

यसबाहेक विद्यार्थीहरूले सहपाठी समूहसँग संरेखित हुँदा सामाजिकीकरणको आधार, स्वपहिचान, भावनात्मक समर्थन र बौद्धिक विकासका साथै जीवनको परीक्षण र जोखिम मोल्न सक्ने क्षमता विकास गर्छन् । सहपाठी समूहको प्रभाव पूर्वप्राथमिक तहदेखि नै देखिन्छ र माध्यमिक तहसम्म आइपुग्दा पनि स्वभाव निर्माणमा यो उत्तिकै प्रभावशाली हुने अध्ययनले देखाउँछ ।

यी बाहेकका स्वभाव निर्माणका अन्य तत्वहरू पनि छन्।

वंशाणुगत संरचना, विशिष्टता, घटना वा परिवेश र अरू तपसिलका बाह्य तत्वले पनि स्वभाव रचना गर्छन् । न्युरो जैवविज्ञानका आधारले पनि यसको निर्माणमा फरक भूमिका खेल्छ ।

बालबालिकाका केही जन्मजात आन्तरिक स्वभाव हुन्छन् ।

उदाहरणका लागि, कोही अन्तरमुखी हुन्छन्, कम बोल्छन् वा गम्भीर हुन्छन्। यस्तो प्रवृत्तिलाई अन्यथा लिइनु हुँदैन र उसको स्वभाव ठीक भएन भनेर बाह्य हस्तक्षेप गरेमा परिणाम नकारात्मक हुने अध्ययनले देखाउँछ। यसको अर्थ, उनीहरूलाई हामीजस्तो बनाउने जबरजस्ती प्रयास नगरी उनीहरूलाई उनीहरूकै स्वस्थकर पहिचानको रूपमा स्थापित गर्नु हो, वैधता दिनु हो ।

स्वभाव र ज्ञानको निर्माणलाई स्वयं बालबालिकाले मात्रै निर्देशित गर्न सक्छन्, अन्यले होइन। शिक्षा मनोविज्ञानमा यसलाई निर्माणवाद भनिन्छ । हामीले प्रयोग गरेको बाह्य बल सही भएमा सकारात्मक र गलत भएमा नकारात्मक अभिप्रेरणा दिन्छ। तर बुझ्नुपर्ने कुरा के छ भने, बाह्य बलले जगाएको अभिप्रेरणाबाट नै उनीहरूले वास्तवमा आफ्नो स्वभाव आफैं स्थापित गर्छन् । यो बाह्य बलले स्थापन गर्ने होइन तर उनीहरूको आन्तरिक प्रेरणाले हो ।

शिक्षामनोविद जाँपियाजे भन्छन्, 'स्वभाव र विचार गर्ने क्षमताका आधारभूत बनावट निर्माणात्मक समयका अघिल्ला वर्षहरू वा 'प्रिअपरेसनल' चरणदेखि नै अविछिन्न चलिरहन्छन् । यिनै चरणहरू लाई अभिप्रेरणा वा नमूना करणमार्फत प्रभाव पार्न सकेमा वाञ्छित स्वभाव केटाकेटीमा स्थापित गर्न सकिन्छ ।'

केटाकेटीका मनो सामाजिक विकासका चरणका बृहत् अध्ययन गरिएको छ ।

एरिक एरिक्सन भन्छन्, 'विश्वासले विश्वास र संशयले संशय सिकाउँछ । त्यस्तै प्रेमले सद्भाव सिकाउँछ भने हिंसाले उग्रतालाई मलजल गर्छ। '

बालबालिकाका स्वभाव निर्माणमा र व्यवस्थापनमा कठिनाइ आउन सक्छन् ।

एक्कासि हुने घटनाहरूले पनि स्वभावमा धक्का दिन्छन्। अभिभावकको अकस्मात मृत्यु, पारपाचुके (डिभोर्स) वा शारीरिक वा मानसिक घरेलु हिंसा, दीर्घकालीन अपहेलनाले बालबालिकालाई घात ( ट्रमाटाइज) गर्छ र स्वभावको दिशा बदल्न सक्छ । यस्ता चोटहरूको व्यवस्थापन नहुँदा उनीहरूमा विषादको विकास हुने अध्ययनले देखाउँछ । यस्तो अवस्थामा केटाकेटीहरूले आफूलाई खतरामा पार्नसम्म सक्छन् ।

शिक्षक, विद्यालय र अभिभावकहरूले बुझ्नुपर्ने अर्को महत्वपूर्ण तथ्य पनि छ ।

कुनै बच्चाको स्वभाव असामान्य तरिकाले छुकछुके छ भने त्यो हर्मोनल गडबडीले पनि हुन सक्छ । अटिजम भएका बालबालिकाले असामान्य तरिकाले एउटै कुरामा रट लगाइरहन्छन ्। 'लर्निङ डिसएबलिटी' भएकाहरूले शैक्षिक क्रियाकलापलाई समन्वय गर्न सक्दैनन् ।

हामीले केटाकेटीको स्वभावलाई बाहिरबाट गर्ने परिभाषा र उनीहरूको आन्तरिक समस्या फरक भएमा यस्ता कठिनाइ अझै जटिल हुने अध्ययनले देखाउँछन् ।

समयमै पहिचान भएमा स्वभाव कठिनाइका लक्षण सही तरिकाले व्यवस्थापन हुन सक्छन् र अप्रिय अवस्था सहजै रोकथाम गर्न सकिन्छ ।

केटाकेटीको स्वभाव विकासका लागि पहिलो घर, दोस्रो विद्यालय र तेस्रो बालबालिका आफैंमा उत्तरदायी हुन्छन् ।

बालबालिकाले आफ्नो स्वभाव आफैं निर्देशित गर्छन्, आफैं निर्माण गर्छन् र आफैं परिमार्जन गर्ने क्षमता राख्छन् भन्ने तथ्यलाई आधार मानेर बाह्य दबाबको ठाउँमा हामीले मार्गनिर्देशन र उपयुक्त अभिप्रेरणा दिएमा हाम्रा विद्यार्थी सुसंस्कारी, सक्षम र असल स्वभावका बन्छन्। (लेखक प्रविज्ञ रेग्मी न्यु मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक प्रिन्सिपल हुन्) सेतेपाटीबाट

## मञ्चको होली मिलन तथा शुभकामना आदान-प्रदान



विराटनगर । प्रेस मञ्च नेपाल मोरंग शाखाले हिन्दुहरुको महान पर्व होलीको शुभ अवसरमा होली मिलन तथा शुभकामना कार्यक्रम सम्मन्न गरेका छन् ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभा हलमा भएको होली मिलन तथा शुभकामना आदान प्रदान कार्यक्रमका प्रमुख अतिथी जनता समाजवादी पार्टी नेपालका जिल्ला अध्यक्ष राजकुमार यादवले होलीको अवसर पारेर प्रेस मञ्च नेपालले गरेको होली मिलन तथा शुभकामना अदान-प्रदान कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद दिदै होली पर्वलाई सभ्य र भव्य रुपमा मनाउन सबैमा आग्रह गरेका थिए ।

सोही अवसरमा नेपाल पत्रकार महासंघ मोरंग शाखाका कार्यवाहक अध्यक्ष तारा आर्चाय, प्रेस चौतारी मोरंगका अध्यक्ष सुदीप कोईराला, प्रेस यूनियन मोरंगका अध्यक्ष वेदराज पौडेल, रेडियो नेपालका पत्रकार कुमोद अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा जनता समाजवादी पार्टीका उपाध्यक्ष मन्तलाल यादव, युवा नेता राकेश रोशन यादव, शुशील यादव लगायत नेताहरुको उपस्थिति रहेको थियो ।

उक्त होली मिलन तथा शुभकामना अदान-प्रदान कार्यक्रम प्रेस मञ्च नेपाल मोरंग अध्यक्ष मुकेश कुमार यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## १६ वर्षपछि प्रतिवादी पक्राउ

विराटनगर । फरार प्रतिबादीहरुको खोजी तथा पक्राउ अभियान अन्तर्गत एक जना फरार प्रतिवादी १६ वर्ष पछि पक्राउ परेको छ ।

पक्राउ पर्नेमा जिल्ला मोरङ साविक रमिते-४ हाल मिक्लाजुङ गाउँपालिका वडा नं.-१ बस्ने वर्ष ४८ को जित बहादुर राई र बर्ष ४१ गंगा भन्ने ज्ञान बहादुर राइलाई २०८० चैत ५ गते मिक्लाजुङ गाउँपालिका वडा नं.-१ बाट पक्राउ गरेको थियो । जिल्ला मोरङ साविक रमिते-४ हाल मिक्लाजुङ गाउँपालिका वडा नं.-१ बस्ने बर्ष ४० को लक्ष्मण राई मिति २०८० चैत ६ गते विहान झापा काँकरभीट्टाबाट पक्राउ गरिएको थियो ।

घटनाको विवरण अनुसार प्रतिवादीहरुले २०६४ जेठ २० गते रातिको समयमा जिल्ला मोरङ साविक रमिते-४ हाल मिक्लाजुङ गा.पा. वडा नं.-१ स्थितमा हर्क राज राईको घर पैंचोमा भेला भई आन्तरीक विवाद उत्पन्न गरी बर्ष ३८ को सन्तोष राई लाई लाठ्ठि, भाटाले कुटपिट गरी मारी मृत लासलाई मिक्लाजुङ गाउँपालिका वडा नं.-१ स्थित केमुना भंज्याङको जंगलमा खाल्डो खनि पुरी लुकाई छिपाई राखेको अवस्थामा मृत लास फेला परेको थियो ।

सोही मुद्दामा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७७ फागुन १८ गतेको फैसलाले कर्तव्य ज्यान मुद्धाका निम्न प्रतिवादीहरुलाई जन्म कैद तोकिएकोमा सम्मानित उच्च अदालत बिराटनगरको २०७८ पुस २३ गते र सम्मानित सर्बोच्च अदालतको मिति २०८० श्रावण १६ गतेको फैसलाले जिल्ला अदालतको सुरू निर्णय सदर गरेकोले निम्न फरार प्रतिवादीहरुलाई इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको बिशेष टोलीले पक्राउ गरी सम्मानित मोरङ जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ ।





यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।